# “कैलाली टीकापुरका मुक्त थारु कमैयाहरुको शिक्षामा पहुँच कम हुनुमा समाजशास्त्रीय अध्ययन”

त्रिभुवन विश्व विद्यालय मानविकी तथा समाज शास्त्र संकाय अन्तर्गत
समाजशास्त्र/मानवशास्त्र विभागको स्नातकोत्तर तह दोस्रो वर्षको
आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनको लागि वीरेन्द्रनगर
बहुमुखी क्याम्पस, सुर्खेतमा प्रस्तुत गरिएको

## शोध-पत्र

२०६४


शोधकर्ता

**यज्ञ राज ज्ञवाली**

एम.ए. दोस्रो वर्ष

रजिष्ट्रशन नं.

परीक्षा रोल नं. ४८७०

क्याम्पस रोल नं. ३८

# सिफारिस - पत्र

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र/मानवशास्त्र विभाग मानविकी तथा सामाजिक संकाय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थी श्री **यज्ञराज ज्ञवाली** ले समाजशास्त्र विषयको आंशिक आवश्यकता परिपूर्तिका निमित्त प्रस्तुत **"कैलाली टीकापुरका मुक्त थारु कमैयाहरुको शिक्षामा पहुँच कम हुनुमा समाजशास्त्री अध्ययन"** विषयक शोधपत्र मेरो पूर्ण निर्देशनमा अध्ययन क्षेत्रको स्थलगत सर्वेक्षण समेत गरी शोधपत्र तयार गरेकोले उक्त कार्यप्रति सहमति र सन्तुष्टि प्रकट गर्दै आवश्यक मूल्यांकनको लागि सिफारिस गर्दछु ।

मितिः

**आनन्द प्रसाद सुवेदी**
शोध निर्देशक
समाजशास्त्र/मानवशास्त्र विभाग
वीरेन्द्रनगर बहुमुखी क्याम्पस सुर्खेत

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक संकाय
समाजशास्त्र/मानवशास्त्र विभाग
वीरेन्द्रनगर बहुमुखी क्याम्पस सुर्खेत

# स्वीकृति पत्र

मानविकी तथा सामाजिक संकाय अन्तर्गत “कैलाली टीकापुरका मुक्त थारु कमैयाहरुको शिक्षामा पहुँच कम हुनुमा समाजशास्त्रीय अध्ययन” विषयक शिर्षकमा एम.ए. दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिको निमित्त स्नातकोत्तर तहका छात्र यज्ञ राज ज्ञवाली द्धारा प्रस्तुत शोधपत्र समाजशास्त्र/मानवशास्त्र विभागको स्नातकोत्तर उपाधिको लागि शोध निर्देशकको सिफारिस सहित पेश भएकोले यस शोध मूल्यांकन समितिवाट स्वीकृति गरिएको छ।

## शोध मूल्यांकन समिति

| क.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री केशर सिंह राना | क्याम्पस प्रमुख | |
| २. | श्री कृष्ण बहादुर रेग्मी | विभागिय प्रमुख | |
| ३. | श्री आनन्द प्रसाद सुवेदी | आन्तरिक शोध निर्देशक | |
| ४. | श्री बच्चु कैलाश पाण्डे | बाह्य शोध निर्देशक | |

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र/मानवशास्त्र विभाग विरेन्द्रनगर बहुमुखी क्याम्पस सुर्खेत अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि "कैलाली टीकापुरका मुक्त थारु कमैयाहरुको शिक्षामा पहुँच कम हुनुमा समाजशास्त्रीय अध्ययन" विषयक शोधपत्र तयार गर्ने कार्य भएको छ । उक्त कार्य सक्दो प्रयासवाट मात्र सम्भव थिएन । त्यस कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा धेरै क्षेत्रवाट सहयोग र सल्लाहवाट भएको हो । शिक्षा क्षेत्र एउटा वृहत क्षेत्र भएकोले त्यसक्षेत्रमा अनगिन्ती समस्याहरु छन् । त्यस्ता समस्या समाधान गर्न निरन्तर अध्ययन र अनुसन्धानको आवश्यकता भैरहन्छ । यस्तै शैक्षिक क्षेत्रको विभिन्न समस्याहरु मध्य हाल नेपाली समाजमा देखापरेको समस्याहरु मध्य हाल नेपाली समाजमा देखापरेको समस्यामा मुक्त थारु कमैयाहरुको शिक्षामा पहुँच कम हुनु पनि हो । कमैया प्रथाको आन्दोलनवाट नेपाली समाजमा मुक्त थारु कमैयाहरुको गास, बास, आवास, शिक्षा तथा स्वास्थ्यमा अभाव तथा समस्याको रुपमा देखापरेको छ । यसरी उपरोक्त प्रकारका समस्याहरु मध्य शिक्षाको पहुँचमा देखिएको कमीलाई समाधान गर्न को निमित्त उनीहरुलाई शिक्षाको परिधिमा समावेश गर्नुपर्ने हालको आवश्यकता र राष्ट्रका सामु एउटा चुनौती भएकोले यसैलाई अध्ययनको विषयवस्तु बनाउनु पर्ने आवश्यकता महसुस गरी त्यस वर्गसंग सम्बन्धित अध्ययन कार्य गरिएको छ । यो शोधपत्रलाई शोधको भुमिका सम्बन्धित साहित्यको समिक्षा, शोध विधि, तथ्यांकको विश्लेषण प्रस्तुती, निष्कर्ष र सुझावहरु गरी जम्मा पाँच अध्यायमा विभाजन गरिएको छ । यो शोधपत्र तयार गर्ने विभिन्न महानुभावहरुले आ आफ्नो क्षेत्रवाट सहयोग गर्नु भएको छ । यो शोध पत्र तयार गर्ने क्रममा सल्लाह, सुझाव र आवश्यक निर्देशन प्रदान सहयोग गर्नु हुने विरेन्द्रनगर बहुमुखी क्याम्पस अन्तर्गत मानवीकी संकाय समाजशास्त्र/मानवशास्त्र विभागका प्राध्यापक तथा यस शोध पत्रका शोध निर्देशक आदरणीय गुरु श्री आनन्द सुवेदी क्याम्पस प्रमुख आदरणीय गुरु केशर सिं रानाका साथै शोध पत्र तयार गर्न आवश्यक रचनात्मक सहयोग पुऱ्याउने यस विभागका विभागिय प्रमुख श्री कृष्ण

ब. रेग्मी, श्री भीम सेन बुढा, श्री शेर ब. रायमाझी, श्री बच्चु कैलाश पाण्डे, श्री मनोहरी ढकाल प्राति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यो शोध पत्र सहयोग गर्नु हुने श्री वि.वि.म. क्याम्पस टीकापुरका सहायक क्याम्पस प्रमुख श्री किर्ति सिंह बम ज्यूलाई हार्दिक कृतज्ञता तथा आभार व्यक्त गर्दछु । तथ्यांक संकलन गर्ने क्रममा विभिन्न सूचना जानकारी र तथ्यांक उपलब्ध गराई सहयोग गर्ने जि.शि.का. कैलाली टीकापुर नगरपालिका, भूमि सुधार कार्यालय कैलाली सृजनशील समाजको सृजना कैलाली राष्ट्रिय ऐक्यबद्धता समुह (गिन्सो) नेपाल मुक्त कमैया शिविरका छनौट गरिएका प्रतिनिधि सिमाविहिन स्वयंसेवक टीकापुर रा.मा.वि. मनिकापुर कलिका प्रा.वि. राजिपुर तथा जनजागृति मा.वि. सितापुर प्र.अ.हरु क्रमशः श्री शम्भु भट्टराई श्री प्रेम सिंह तिरुवा र श्रीमती ललिता शाही तथा सम्पूर्ण अभिभावक र बालबालिकाहरुलाई धन्यवाद दिन चाहन्छु ।

यो शोधपत्र लेखनको क्रममा भाषागत त्रुटीहरुलाई परिमार्जन गर्न सहयोग गर्नु हुने मित्र श्री ओमनाथ उपाध्याय श्री चक्रपाणी भट्टराई श्री मुक्तिप्रसाद भट्टराई, श्री नारायण तिमिल्सेनालाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यो शोध पत्रलाई कम्प्युटर सेटिङ्ग गर्न सहयोग गर्नु हुने **Computer Helpline** का श्रीमती ऐश्वर्या गौतम, श्री खेमराज धमला, श्री धन बहादुर मगर र हरि चौधरीलाई आभार प्रकट गर्दछु ।

अन्तमा एम.ए. अध्ययन गर्न उत्प्रेरित गर्ने पूज्यनीय बुवा श्री छविलाल ज्ञवाली माता श्रीमती इश्वरा ज्ञवाली, धर्मपत्नी गायत्री भण्डारी मित्रजन गीता प्रसाद दहाल, छविलाल धमाला र उदयसिंह सुनार र स्नेही साथीहरु कल्याण दहाल, उत्तमराज अधिकारी, केदार भट्टराई, सुरेन्द्र बहादुर शाह, नृप औझा, ललित बहादुर साउद, छत्र धामी, कर्ण शाह र राजु बिष्टका साथै सम्पूर्ण आफन्तजन तथा शुभचिन्तक महानुभावहरुलाई हार्दिक धन्यवाद दिंदै अन्य स्रोतकर्तालाई यो शोधपत्र उपयोगी हुनेछ भन्ने विश्वास गर्दछु ।

**यज्ञराज ज्ञवाली**

शोधकर्ता

# शोध-सार


यो शोधपत्र कैलाली टीकापुरका मुक्त थारु कमैयाहरुको शिक्षामा पहुँच कम हुनुको समस्यासंग सम्बन्धित रहेको छ । यो अध्ययन त्रिभुवन विश्वविद्यालय मानविकि संकाय समाजशास्त्र/मानवशास्त्र विभाग वीरेन्द्रनगर बहुमुखी क्याम्पस अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक उद्देश्य परिपूर्तिका लागि तयार गरिएको छ ।

यस अध्ययनका उद्देश्यहरु मुक्त थारु कमैयाहरुको शिक्षामा पहुँच कम हुनुका कारणहरु पत्ता लगाउने, मुक्त थारु कमैयाका बालबालिकाहरुको शिक्षा शिक्षा प्रतिको धारणा पहिचान गर्ने र उनीहरुका अभिभावकहरुको शिक्षा प्रतिको धारणा पहिचान गर्ने रहेको छ ।

यस अध्ययनको लागि अध्ययन क्षेत्र छनौट गर्ने क्रममा टीकापुर नगरपालिका अन्तर्गत वडा नं. ७ रानीकुला शिविर वडा नं. ८ विजयनगर शिविर र वडा नं. ९ श्री शक्तिनगर शिवरि छनौट गरिएको थियो । किनभने यो क्षेत्र सदरमुकामवाट करिब ९५ कि.मी. टाढा रहेको छ । साथै यहाँ शैक्षिक स्तर कमजोर रहेकोले पनि यहाँ बसोबास गर्ने मुक्त थारु कमैया जातिहरुको अध्ययन गर्नु आवश्यक भएको हो । यस अध्ययनको लागि सम्बन्धित क्षेत्रका मुक्त थारु कमैयाका बालबालिकाहरु अध्ययन गर्ने ३ वटा सार्वजनिक विद्यालयलाई छनौट गरिएको थियो ।

यस अध्ययनमा प्राथमिक र द्धितीय स्रोतका तथ्यांकहरुलाई आधार बनाइएको छ । अभिभावक, बालबालिका, प्र.अ., कक्षाध्यापक, जि.शि.का., भूमि सुधार कार्यालय, टीकापुर नगरपालिका र मुक्त कमैयासंग कार्य गर्ने गैर सरकारी संस्थाहरुवाट उद्देश्यमुलक रुपमा प्रश्नावली अन्तरवार्ता सहभागितामुलक अवलोकन र छलफल विधिवाट तथ्यांक संकलन गरिएको थियो ।

यस अध्ययनवाट मुक्त थारु कमैया बालबालिकाहरुको विद्यालय सहभागिता न्युन रहेको बालबालिकाको विद्यालयमा नियमिततामा कमी रहेको र विद्यालय छोडने दर उच्च रहेको पाइयो । अभिभावकहरुको साक्षारता अवस्था चिन्ताजनक रहेको देखिन्छ । बालबालिकाहरुलाई घरेलु कार्यमा संलग्न हुनु परेको अभिभावकहरु दैनिक ज्यालादारी कामको खोजीका लागि रहनु

पर्ने र शिक्षा प्रति उनीहरुको चेतनाको कमी रहेको पनि पाइयो । उक्त समस्याका कारक तत्वहरु बेरोजगारी, गरिबी र अशिक्षा रहेका छन् ।

उक्त समस्यालाई समाधान गर्न कमैया शिविरमा विद्यालय स्थापना गरि निशुल्क पढाई, कपी, किताब तथा खाजाको समेत व्यवस्था गर्ने सरकारलाई दबाव सिर्जना गर्नुपर्ने, युवा तथा प्रोढका लागि अनौपचारिक शिक्षा कार्यक्रम, सरकारी तथा गैर सरकारी संस्थाको सहयोगमा सञ्चालन गर्नु पर्ने, मुक्त थारु कमैयाहरुलाई तरकारी खेती, पशुपंक्षी पालन, सिलाई कटाई, रेडियो मर्मत र फर्नीचर निर्माण आदि आयमुलक तालिम दिनु पर्ने चेतनामुलक कार्यक्रम ( छलफल, पोष्टर, कार्टुन चित्र, सडक नाटक) अदि सञ्चालन गर्नु पर्ने । मुक्त कमैया बालबालिकाहरुलाई औपचारिक शिक्षामा सहभागी गराउन उपयुक्त शैक्षिक निति ल्याउनु पर्ने, निशुल्क सर्वसुलभ र अनिवार्य शैक्षिक कार्यक्रम ल्याउनु पर्ने, उनीहरुको लागि आवास र बसोबासको समस्या समाधान गर्नुपर्ने, बालबालिकाहरुको कक्षा छोड्ने र कक्षा दोहोराउने दर घटाउनु पर्ने मुक्त कमैयाहरुलाई शिक्षाको महत्व बारे जानकारी दिने उनीहरुका बालबालिकाहरुलाई विद्यालयमा समानतापूर्ण व्यवहारको अनुभूति दिनु पर्ने जस्ता समस्याको समाधान गर्न सकेमा शिक्षाको पहुँचमा देखिएको न्युनता वृद्धि गर्न सकिन्छ भन्ने कुराको सुझावहरु शोध पत्रमा समावेश गरिएको छ ।

# विषय सूची


| क.सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| | **अध्याय - १** | |
| | **परिचय** | |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ४ |
| १.३ | अध्ययनका उद्देश्यहरु | ५ |
| १.४ | अध्ययनको औचित्य | ५ |
| १.५ | अध्ययनको सीमा | ७ |
| १.६ | अध्ययन क्षैत्रको छनोट र त्यसको औचित्य | ७ |
| | **अध्याय - २** | |
| | **सन्दर्भ सामाग्रीको समीक्षा** | |
| २.१ | सम्बन्धित साहित्यको समीक्षा | ९ |
| २.२ | अध्ययन क्षेत्रको परिचय | १५ |
| २.३ | घरधुरी तथा जनसंख्या विवरण | १८ |
| २.४ | प्राथमिक तहको खुद भर्ना र सम्पूर्ण भर्ना दर | १९ |
| २.५ | मुक्त कमैया विद्यार्थीको नियमितता | २० |
| २.६ | मुक्त कमैयाका सम्बन्धमा विभिन्न संघ संस्थाहरुले खेलेको भूमिका | २१ |
| २.७ | अध्ययनको वैचारिक खाका | २४ |
| | **अध्याय - ३** | |
| | **अध्ययन विधि** | |
| ३.१ | अध्ययन ढा“चा | २७ |
| ३.२ | तथ्याङ्कको स्रोत | २७ |
| ३.३ | तथ्याङ्क संकलन विधि | २७ |
| ३.४ | अध्ययनको क्षेत्र | २८ |
| ३.५ | अध्ययनको समग्रता र नमुना छनोट विधि | २८ |
| ३.६ | तथ्याङ्क संकलन प्रक्रिया | २९ |
| | **अध्याय - ४** | |

| | | |
|---|---|---|
| तथ्यांक विश्लेषण र प्रस्तुतीकरण | | |
| ४.१ | १०७ घरपरिवारको आधारमा प्राप्त विद्यालय जाने र नजाने बालबालिकाको विवरण | ३१ |
| ४.२ | विद्यालय जाने प्रा.वि. तहको उमेतगत विद्यार्थी संख्या | ३३ |
| ४.३ | मुक्त कमैया बालबालिकाहरुको अभिभावकको साक्षरता प्रतिशत | ३४ |
| ४.४ | मुक्त थारु कमैया अभिभाकको प्राथमिक शिक्षा प्रतिको धारणा | ३६ |
| ४.५ | बालबालिकाहरुलाई अभिभावकले विद्यालय पठाउन नसकेका कारणहरु | ३८ |
| ४.६ | विद्यालयमा नियमित नहुनुका र विद्यालय छोड्नका कारणहरु | ३९ |
| अध्याय - ५ | | |
| परिणाम, निष्कर्ष र सुझावहरु | | |
| ५.१ | परिणाम | ४१ |
| ५.२ | निष्कर्ष | ४४ |
| ५.३ | सुझावहरु | ४५ |
| सन्दर्भ सामाग्रीहरु | | |
| अनुसूचीहरु | | |

# तालिका - सूची


| तालिका नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| १. | जातिगत स्थिति विवरण | १६ |
| २. | मुक्त थारु कमैयाको लिङ्गगत जनसंख्या विवरण | १८ |
| ३. | मुक्त थारु कमैया बालबालिकाहरुको खुद भर्ना दर र सम्पूर्ण भर्ना दरको विवरण | १९ |
| ४. | मुक्त थारु कमैया बालबालिकाहरुको विद्यालय नियमितताको विवरण | २० |
| ५. | अध्ययन क्षेत्र, समग्रता र क्षेत्र छनोटको विवरण | २९ |
| ६. | छनौट गरिएका घरपरिवारको आधारमा विद्यालय जाने र नजाने बालबालिकाहरुको विवरण | ३१ |
| ७. | विद्यालय जाने प्रा.वि. तहको उमेरगत विद्यार्थीहरुको विवरण | ३३ |
| ८. | मुक्त कमैया बालबालिकाहरुको साक्षरता प्रतिशतको विवरण | ३४ |
| ९. | मुक्त कमैया अभिभावकहरुको शिक्षा प्रतिको धारणागत विवरण | ३६ |
| १०. | मुक्त कमैया अभिभावकले बालबालिकाहरुलाई विद्यालय पठाउन नसक्ने कारणहरुको विवरण | ३८ |
| ११. | विद्यालयमा नियमित नहुनका र छोड्नका कारणहरुको विवरण | ३९ |